# जिल्ला समन्वय समिति
# तनहुँ

## जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि
## २०७५

**(जिल्ला सभाबाट २०७५ श्रावण ७ गते स्वीकृत)**

जिल्ला समन्वय समितिको कार्यालय
तनहुँ

# जिल्ला समन्वय समिति
# तनहुँ
## जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि – २०७५

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित गर्दै स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने व्यवस्था गरेको छ । संघ, प्रदेश, नगरपालिका र गाउँपालिकासंग प्रभावकारी सन्वय गर्ने र अनुगमनको माध्यमबाट जिल्लाको सन्तुलित विकासमा योगदान गर्ने महत्वपूर्ण जिम्मेवारी जिल्लासभा र जिल्ला समन्वय समितिलाई संविधानतः प्राप्त भएको छ । संविधानको मूल मर्मलाई आत्मसात गर्दै स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं स्थानीय तह वीचको सहकारिता, सहअस्थित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार जिल्लासभा र जिल्ला समन्वय समितिको भूमिका तथा कार्यलाई स्पष्ट पार्दै जिल्ला भित्रका गाउँपालिका र नगरपालिका वीचको विकास निर्माणका विषय पहिचान र व्यवस्थापनका लागि समन्वय गर्दा जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता एवं व्यवस्थापनका लागि चरण चरणमा अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माणमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्बन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिन सक्ने भन्ने व्यवस्था भएकोले उल्लेखित कार्यलाई थप स्पष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ को उपदफा ४ ले लिएको अधिकार प्रयोग गर्दै जिल्ला समन्वय समितिको मिति २०७५।३।२६ गतेको बैठकको सिफारिस बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

# परिच्छेद १
# प्रारम्भ खण्ड

### १) कार्यविधिको नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि २०७५ रहनेछ।

ख) यो कार्यविधि जिल्ला सभा, तनहुँले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

### २) परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "उपप्रमुख" भन्नाले जिल्ला समन्वय समितिको उपप्रमुखलाई सम्झनु पर्दछ।

ख) "उपसमिति" भन्नाले जिल्लास्तरीय अनुगमन उपसमितिलाई सम्झनु पर्दछ।

ग) "कार्यविधि" भन्नाले जिल्लास्तरीय अनुगमन सम्बन्धी कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ।

घ) "कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालयलाई सम्झनु पर्दछ।

ङ) "जि.स.स." भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ।

च) "प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको प्रमुखलाई सम्झनु पर्दछ।

छ) "योजना/आयोजना" भन्नाले जिल्ला भित्र सरकारी एवं गैर सरकारी संघ संस्थाद्वारा संचालनमा रहेका योजना तथा आयोजनाहरूलाई सम्झनु पर्दछ।

ज) "सदस्य" भन्नाले जिल्ला समन्वय समितिको सदस्यलाई सम्झनु पर्दछ।

झ) "सभा" भन्नाले जिल्ला सभालाई सम्झनु पर्दछ।

ञ) "समिति" भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ।

ट) "स्थानीय तह" भन्नाले गाउँपालिका र महा/उपमहा/नगरपालिकालाई सम्झनु पर्दछ।

# परिच्छेद २
# अनुगमन खण्ड

## ३) उद्देश्य

१. संघ, प्रदेश, स्थानीय तह, गैसस तथा दातृ संस्था वा साझेदारीमा जिल्ला भित्र संचालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन गर्ने गराउने वा सो को प्रवन्ध मिलाउने ।
२. जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने ।
३. जिल्ला भित्र संचालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्न सम्बन्धित पक्षलाई परिचालन गर्ने ।
४. विकास आयोजनाहरू संचालनमा देखिएका वाधा अडकाउ फुकाई कार्यान्वयनमा सहजिकरण गर्ने ।
५. नदीजन्य पदार्थ लगायत प्राकृतिक श्रोत साधनको उत्खनन्, कटान, उपयोग र निकासीको अध्ययन, अनुसन्धान र अनुगमन गरी सम्बन्धित तह र निकायमा आवश्यक सुझाव दिने ।
६. संचालित योजना तथा आयोजनाहरू तोकिएको समयमा सम्पन्न गराउन सहयोग पुऱ्याउने ।
७. सघन अनुगमनको माध्यमबाट जिल्ला भित्र संचालित योजना/आयोजना र सेवा प्रवाह सम्बन्धी समस्याहरूको पहिचान गरी सम्बन्धित स्थानीय तह वा निकायलाई सुधारका लागि सुझाव प्रदान गर्ने तथा जिल्ला स्थित संघीय र प्रदेश कार्यालयलाई सम्बन्धीत स्थानीय तहको समन्वयमा सचेत गराउने र सचेत गराउँदा समेत वेवास्ता गरेमा प्रदेश वा संघमा लेखि पठाउने ।
८. अनुगमनको क्रममा योजना/आयोजना र सेवा प्रवाह सम्बन्धी ढिलासुस्ती, लापरवाही, चुहावट र श्रोतको दुरुपयोग देखिएमा सो को नियन्त्रणका लागि स्थानीय तह, संघ र प्रदेशमा आवश्यकता अनुसार सुझाव दिने र सो को पालना भए नभएको ताकेता गर्ने ।
९. कुनैपनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पर्ने असर र प्रभावको अनुगमन गरी सहजीकरण गर्ने ।
१०. जिल्लाको दीगो विकासमा सहयोग पुऱ्याउने ।

## ४) अनुगमनको क्षेत्रः

नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही जिल्ला समन्वय समितिले जिल्ला भित्र संचालनमा रहेका राष्ट्रिय गौरवका योजना राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय तह, गैसस तथा दातृ संस्थाबाट संचालित विकास निर्माण तथा सेवा सम्बन्धी योजना तथा आयोजनाहरूको अनुगमन गर्ने क्रममा देहायका विषय क्षेत्रको तुलनात्मक अध्ययन गर्ने छ ।

१. सार्वजनिक निकायबाट भएको सेवा प्रवाहको अवस्था ।
२. योजना/आयोजना/कार्यक्रमको छनौंट प्रक्रिया (पहिचान, प्राथमिकीकरण, छनौंट),
३. आयोजनाको कूल लागत अनुमान ।
४. योजना/आयोजना/कार्यक्रमको सामाजिक समावेशीकरण, दिगो विकास जस्ता अन्तर सम्बन्धित विषय,
५. योजना/आयोजना/कार्यक्रमको संचालन कार्यान्वयन अवस्था,
६. आयोजना संचालनको निर्धारित समय तालिका लगायत समग्र कार्ययोजना,
७. जनसहभागिता तथा आपसी समन्वयको अवस्था,
८. योजना/आयोजना/कार्यक्रमको क्रममा देखा परेका प्रमुख समस्या,
९. योजना कार्यान्वयनको अवस्था,
१०. अनुगमन गर्ने विषयको क्षेत्र, संख्या, प्रकृति र गाम्भिर्यताको आधारमा अनुगमन तथा सघन अनुगमन गर्न सकिने छ ।

## ५) उपसमिति गठन र बैठक सम्बन्धी व्यवस्था

१. जिल्ला भित्र सरकारी एवं गैर सरकारी संघसंस्थाद्वारा संचालनमा रहेका योजना तथा आयोजनाहरूको अनुगमन गर्न जिल्ला समन्वय समितिले प्रमुख वा उपप्रमुख वा सदस्यको संयोजकत्वमा विषय विशेषज्ञ समेत रहने गरी अनुगमन समिति गठन गर्न सकिने छ । साथै आवश्यकता अनुसार अनुगमनका लागि विषयगत अनुगमन उपसमितिहरू गठन गर्न सक्नेछ ।

२. उपसमितिको कार्यबोझलाई दृष्टिगत गरी समितिले आवश्यक सहयोगी कर्मचारीहरू उपलव्ध गराउने छ ।

३. उपसमितिको बैठक आवश्यकता अनजुसार वस्नेछ ।

४. उपसमितिलाई आवश्यक पर्ने श्रोत, साधन र बजेट जिल्ला समन्वय समितिले व्यवस्था गर्नु पर्नेछ ।

५. उपसमितिले आफुले गरेको अनुगमनको प्रतिवेदन मासिक रुपमा जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

## ६) अनुगमनको समीक्षा, सुझाव, निर्देशन र प्रतिवेदन सम्बन्धि व्यवस्था

१. जिल्ला समन्वय समितिले गरेको अनुगमन वा उपसमितिद्वारा पेश गरेको अनुगमन प्रतिवेदनको नतिजा उपर छलफल एवं समीक्षा गरी सम्बन्धित निकायमा सुधारका लागि सुझाव दिन सक्नेछ । तर यस प्रकारको समीक्षा बैठक आवश्यकता अनुसार जति पटक बस्न पनि कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

२. दफा ६ को उपदफा १ अनुसार दिइएको सुझाव वा निर्देशन योजना तथा आयोजना संचालन र सेवा प्रवाह गर्ने निकायले कार्यान्वयन नगरी ढिलासुस्ती गरेमा जिल्ला समन्वय समितिले काम रोक्का गर्न वा कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

३. जि.स.स.ले आफैले गरेको अनुगमन वा उपसमितिद्वारा पेश अनुगमन प्रतिवेदनको समीक्षा बैठकमा आवश्यकता अनुसार आयोजना संचालन गर्ने निकायलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

४. जिल्ला समन्वय समितिले अनुगमन पश्चात् दिएको सुझाव तथा निर्देशनको पालन गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

५. जिल्ला समन्वय समितिले समीक्षाबाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदन अर्धबार्षिक रुपमा संघ र प्रदेशशका सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

६. जिल्ला समन्वय समितिले जिल्ला भीत्र रहेका संघ, प्रदेश, स्थानीय तहका कार्यालय र गैर सरकारी संस्थाबाट कामको समिक्षा वार्षिक र अर्धवार्षिक रुपमा गर्नेछ ।

७. सघन अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ । अनुगमन सूचीमा विषय क्षेत्र हेरी जिल्ला समन्वय समितिल परिमार्जन गर्न सक्नेछ । योजनागत अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

## ७) अनुगमनमा सम्बन्धित स्थानीय तहका पदाधिकारीहरूलाई सहभागी गराउन सकिने

समिति वा उपसमितिले अनुगमनको क्रममा आवश्यकता अनुसार आयोजना संचालन गर्ने स्थानीय तह, गै.स.स., संघसंस्थाका प्रतिनिधि, सम्बन्धित विषय विशेषज्ञ र प्राविधिकहरूलाई समेत सहभागी गराउनु पर्नेछ ।

## ८) अनुगमनमा संलग्न पदाधिकारीहरूको सुविधा सम्बन्धी व्यवस्था

१. अनुगमनको सिलसिलामा आयोजना तथा योजना निरीक्षणको लागि योजनास्थलमा जाँदा पदाधिकारीहरूल कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्नेछ तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा आवश्यक पर्ने सवारी साधनको प्रवन्ध कार्यालयले मिलाउनु पर्नेछ ।

२. अनुगमनमा जाँदा अनुगमनका पदाधिकारीहरू एवं आमन्त्रित कर्मचारी वा विशेषज्ञले जि.स.स.ले तोके अनुसारको अनुगमन भत्ता पाउने छन् ।

३. उपसमितिको बैठकमा भाग लिए वापत उपसमितिका सवै पदाधिकारीहरू तथा अन्य आमनित्रत कर्मचारी, प्राविधिक र विशेषज्ञहरू समेतले जिल्ला समन्वय समिति पदाधिकारीहरू सरह बैठक भत्ता पाउने छन् ।

# परिच्छेद ३
# समन्वय खण्ड

## ९) उद्देश्य

१. जिल्ला भित्र रहने संघीय र प्रदेश सरकारी कार्यालय, गाँपालिका र नगरपालिका विच समन्वय गर्ने ।
२. जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका विचको विकास निर्माणका विषय पहिचान एवं व्यवस्थापन गर्ने ।
३. जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन एवं अनुसन्धान गर्ने ।
४. जिल्ला भित्र संचालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास र सेवा प्रवाह सम्बन्धी कार्यको गुणस्तर कायम गर्न समन्वय र सहजीकरण गर्ने ।
५. विकास आयोजनाहरू संचालनमा देखिएका बाधा अडकाउ फुकाई कार्यान्वयमा प्रभावकारिता ल्याउने ।
६. नदीजन्य पदार्ध लगायत प्राकृतिक श्रोत साधनको उत्खनन्, कटान, उपयोग र निकासीको अध्ययन, अनुसन्धान र समन्वय गरी सम्बन्धित निकायमा आवश्यक सुझाव दिने ।
७. जिल्ला भित्रका संघीय, प्रदेश, स्थानीय, कार्यालय/निकाय, गाउँपालिका र नगरपालिका विच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।
८. जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।
९. जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था सामुदायिक तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।
१०. कुनै पनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पर्ने असर र प्रभावको विषयमा समन्वय गरी सहजीकरण गर्ने ।
११. जिल्लाको दिगो विकासमा सहयोग पुऱ्याउने ।

## १०) समन्वयको क्षेत्र

जिल्ला समन्वय समितिले जिल्लाको दिगो, सन्तुलित एवं व्यवस्थित विकासका लागि संघ, प्रदेश र स्थानीय तहद्वारा जिल्ला भित्र संचालनमा रहेका विभिन्न राष्ट्रिय, प्रादेशिक एवं स्थानीय गौरवका योजना तथा विकास निर्माण तथा सेवा सम्बन्धी कार्यको पहिचान/अनुगमन गर्ने क्रममा आयोजना संचालन गर्ने निकाय संग आवश्यक समन्वय गर्न सक्नेछ । यसरी समन्वय गर्दा देहायका कुरामा ध्यान पुऱ्याउनु पर्नेछ ।

१. अन्तर स्थानीय तहवीच नीतिगत समन्वय ।
२. विकास निर्माण संग सम्बन्धित योजना/आयोजना वीचको सन्तुलन ।
३. संघ, प्रदेश र स्थानीय तहवीचको अन्तरसम्बन्ध ।
४. आयोजना छनौंट एवं संचालनमा दोहोरोपन ।
५. सवै जातजाती, वर्ग, क्षेत्र, लिङ्गको आधारमा विकास निर्माणका योजनाहरूको समावेशिता ।
६. नियमित अनुगमनको व्यवस्था ।
७. ऐन नियम अनुसार योजना/आयोजना छनौंट प्रक्रिया ।
८. दीगो विकास संग सम्बन्धित विकास योजना तथा आयोजनाहरूको गुणस्तरियता ।
९. योजना तथा आयोजनाहरूको हस्तान्तरण पश्चात्को मर्मत सम्भारको अवस्था ।
१०. जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको व्यवस्थापकीय, समुदाय परिचालन तथा प्राविधिक निपुणता लगायतका विषयमा जनशक्ति व्यवस्थापन एवं क्षमता विकासको अवस्था ।
११. आयोजनाहरूको संचालनका लागि आवश्यक निर्माण सामग्रीको उपलब्धता ।
१२. आयोजना संचालनको क्रममा देखा परेका प्रमुख समस्या ।
१३. जनचासोका विषयहरू ।
१४. सुशासन, दिगो विकास, समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरू ।

## ११) समन्वय प्रक्रिया

राष्ट्रिय एवं प्रदेशिकस्तरका विकासका प्राथमिकताहरू, स्थानीय आवश्यकता, जिल्ला भित्रका सम्भावना र चुनौतिहरूलाई मध्यनजर राख्दै जिल्ला भित्रका सबै गाउँपालिका, नगरपालिका तथा जिल्लामा रहने संघ तथा प्रदेशस्तरका कार्यालयहरू एवं जिल्लामा क्रियाशील नागरिक समाज (गैसस) समेतको सहभागितामा जिल्लाको दीगो विकासका लागि गैसस, निजी क्षेत्र, उद्योग बाणिज्य संघ लगायत सार्वजनिक तथा सरकारी क्षेत्रका गतिविधिलाई समन्वयात्मक रुपमा संचालन गर्ने, विकास निर्माण तथा स्थानीय स्तरमा सेवा प्रवाह संग सम्बन्धित विषयमा पर्न आएका गुनासाहरू समाधान गर्नुका साथै जिल्लाको सम्वृद्धि, समग्र एवं सन्तुलित विकासका लागि नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको व्यवस्था अनुसार समन्वयका लागि निम्न प्रक्रियाहरू अवलम्बन गरिनेछ ।

१. गाउँपालिका, नगरपालिका तथा जिल्लामा रहने संघ तथा प्रदेशस्तरका कार्यालयहरू एवं जिल्लामा क्रियाशील गैरसरकारी संस्था र नागरिक समाज समेतको सहभागितामा जिल्लाको दीगो विकासका लागि साझा अवधारणा तय गर्ने ।
२. जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बिचका विकास निर्माणका विषय पहिचान गर्ने ।
३. स्थानीय तहको योजना छनौट प्रक्रियामा आवश्यक सहयोग र सहजीकरण गर्ने ।
४. विकास निर्माण एवं सेवा सन्दर्भमा स्थानीय तहहरू वीच देखिएका विवादहरू सम्बन्धित पक्षहरूको उपस्थितिमा समाधानका लागि पहल गर्ने ।
५. जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमका प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।
६. जिल्लामा क्रियाशील नागरिक समाज (गैसस) समेतको सहभागितामा जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्ययोजना तयार गरी स्थानीय तहलाई कार्यान्वयनका लागि प्रेरित गर्ने ।
७. प्राकृतिक श्रोत साधन तथा वातावरण संरक्षणका लागि प्रदेश र स्थानीय तहहरू संगको समन्वयमा आवश्यक स्थानीय नीति एवं कार्ययोजना तय गरी कार्यान्वयनका लागि स्थानीय तहहरूलाई प्रेरित एवं मार्गदर्शन गर्ने ।
८. स्थानीय तहहरूलाई आवश्यक पर्ने मानव संसाधन एवं प्रविधि हस्तान्तरणका लागि अन्तर स्थानीय तहहरू वीच बैठक, छलफल, गोष्ठी र अन्तरक्रियाको व्यवस्था मिलाउने ।
९. स्थानीय तहहरूद्वारा सम्पादित अनुकरणीय कार्यहरू सम्भावनाहरूको पहिचान गरी प्रकाशन एवं प्रशारणको माध्यमबाट जन समक्ष प्रवाह गर्ने ।
१०. आवश्यकता अनुसार स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरू वीच समन्वयात्मक बैठकको आयोजना गरी अनुभव आदान प्रदान, समस्याको समाधान तथा दीगो विकासका विषयमा छलफल गर्ने व्यवस्था मिलाउने ।
११. संघीय/प्रदेश कार्यालय र स्थानीय तहले बार्षिक रुपमो भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने ।
१२. कम्तिमा वर्षको एक पटक जिल्ला स्तरीय समीक्षा गोष्ठी आयोजना गर्ने ।
१३. जिल्लाको समग्र विकासको सन्दर्भमा जिल्ला भित्रका संघीय र प्रदेश सरकारका कार्यालय, स्थानीय तह एवं गैरसरकारी संघसंस्थाहरू बीच समन्वय गर्ने कार्य जिल्ला समन्वय समिति आफैले गर्नेछ । साथै समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

## १२) पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धी व्यवस्था

१. समन्वयको सिलसिलामा फिल्डमा खटिइ जाने पदाधिकारीहरू, विशेषज्ञ एवं कर्मचारीहरूले जि.स.स.ले तोके अनुसारको सेवा सुविधा पाउने छन् ।

# परिच्छेद ४
# विविध खण्ड

**१३) बाधा अडकाउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धी व्यवस्था**

१. यस कार्यविधि कार्यान्वयमा कुनै बाधा अडकाउ परेमा जिल्ला समन्वय समितिले निर्णय गरी फुकाउन सक्नेछ ।

२. कार्यविधिलाई आवश्यकता अनुसार जिल्ला समन्वय समितिले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

# अनुसूची १

# जिल्ला समन्वय समिति, तनहुँ

## सघन अनुगमन प्रतिवेदन ढाँचा

### १. संघीय/प्रदेश कार्यालय वा स्थानीय तहको

नाम : वडा संख्या : केन्द्र :

इमेल ठेगाना : वेभसाईट :

### २. विषयगत शाखा (स्वास्थ्य, कृषि, पशु, सहकारी)

| क्र.सं. | संस्था | हस्तान्तरण भई | | कैफियत |
|---|---|---|---|---|
| | | आएको | नआएको | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

### ३. बैंक

| सि.नं. | नाम | बर्ग |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

### ४. कर्मचारीको दरबन्दी तथा उपलब्धता

| विवरण | रा.प. द्वितीय | रा.प. तृतीय / अधिकृत स्तर छैटौं/सातौं | रा.प.अनं. प्रथम/द्वितीय | सहयोगी | जम्मा |
|---|---|---|---|---|---|
| दरबन्दी संख्या | | | | | |
| पदपूर्ती संख्या | | | | | |

### ५. बजेट र अन्य विवरण

#### ५.१ आय तर्फ

| समानिकरण अनुदान | सशर्त अनुदान | आन्तरिक आय | जम्मा आय |
|---|---|---|---|
| | | | |

#### ५.२ विनियोजन तर्फ

| | |
|---|---|
| चालु | |
| पूंजीगत | |

### ५.३ पूंजीगत विनियोजित बजेट रकम (रू.)

(क) सडक :
(ख) सिंचाई :
(ग) कृषि :
(घ) स्वास्थ्य :
(ङ) शिक्षा :
(च) विद्युत :
(छ) संचार :
(ज) खानेपानी :
(झ) अन्य :

### ५.४ योजनाको वर्गिकरण

| | |
|---|---|
| पालिका स्तरीय योजना संख्या | |
| वडा स्तरीय योजना संख्या | |

### ५.५ वडागत विनियोजित बजेट रकम (रू.)

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| बजेट | | | | | | | |
| वडा नं. | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| बजेट | | | | | | | |

### ५.६ योजनामा विनियोजित वजेट र संख्या

| ५० हजार भन्दा साना | ५० हजार – १ लाख | १ लाख – ५ लाख | ५ लाख – १० लाख | १० लाख – २० लाख | २० लाख – ५० लाख | ५० लाख भन्दा माथी |
|---|---|---|---|---|---|---|
| | | | | | | |

### ५.७ गत आ.व. सम्मको बेरुजु रकम रू. :

## ६. स्थानीय तहबाट निर्माण गरिएका ऐन, नियम तथा कार्यविधी

(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)

## ७. स्थानीय तहको बैठक सम्बन्धी (२०७४ श्रावण १ देखि हाल सम्मको)

सभा बैठक संख्या :

कार्यपालिका बैठक संख्या :

सबै वडाको वडा स्तरीय बैठक संख्या :

## ८. क्षेत्रगत नीति, रणनीति तर्जुमा सम्बन्धी

### ८.१ आवधिक योजना (५ बर्षे)

| भएको | नभएको |
|---|---|
| | |

### ८.२ क्षेत्रगत निति

| क्षेत्र | भएको | नभएको |
|---|---|---|
| कृषि | | |
| पूर्वाधार | | |
| शिक्षा | | |
| स्वास्थ्य | | |
| वन तथा वातावरण | | |
| खानेपानी तथा सरसफाई | | |

## ९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता विवरण

### ९.१ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग प्रणाली मार्फत् भएको/नभएको :

सामाजिक सुरक्षाको पहिलो किस्ता वितरण मिति :

सामाजिक सुरक्षाको दोश्रो किस्ता वितरण मिति :

### ९.२ व्यक्तिगत घटना दर्ता

| | भएको | नभएको | आंशिक | आंशिक भएमा, वडागत विवरण |
|---|---|---|---|---|
| Online व्यक्तिगत घटना दर्ता | | | | |

## १०. पालिकाभित्र रहेका विषयगत क्षेत्र र कार्यालय सँगको समन्वयत्मक बैठक संख्या (चालु आ.व. मा)

| क्षेत्र | संख्या |
|---|---|
| शिक्षा, शिक्षक, विद्यालय व्यवस्थापन समिति | |
| कृषि तथा पशु | |
| स्वास्थ्य (अस्पताल, स्वास्थ्यचौकी) | |
| वन, सामुदायिक वन उपभोक्ता समिति | |
| अन्य | |

## ११. कर सम्बन्धी विवरण

**११.१ एकीकृत सम्पत्ती कर लागू भएको/नभएको/अन्य :**

**११.२ मालपोत कर दर रू. न्यूनतम :** **अधिकतम :**

**११. ३ सिफारिस दस्तुर रू. न्यूनतम :** **अधिकतम :**

**११.४ नक्सा पास दस्तुर (प्रति वर्ग फुट) रू. न्यूनतम :** **अधिकतम :**

**११.५ सम्पत्ती मूल्याङ्कन बापतको कर**

(क) कर नलाग्ने सिलिङ्ग रू. :

(ख) त्यस पछिको मूल्याङ्कन प्रतिशत

| रकम ( ….. देखि ….. सम्म) | प्रतिशत |
|---|---|
| | |
| | |
| | |
| | |

## १२. योजना, सुशासन र पारदर्शीता

### १२.१ विषयगत समिति निर्माणको अवस्था

| क्र.सं. | विषयगत समिति | गठन भएको | नभएको |
|---|---|---|---|
| १ | पूर्वाधार विकास समिति | | |
| २ | आर्थिक विकास समिति | | |
| ३ | सामाजिक विकास समिति | | |
| ४ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | | |
| ५ | विधेयक समिति | | |
| ६ | फोहोर मैला, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | | |

### १२.२ योजना अनुगमन समिति

| समिति | गठन भएको | नभएको | गठन भएको मिति |
|---|---|---|---|
| न.पा./गा.पा. स्तरीय अनुमगन समिति | | | |
| वडा स्तरीय अनुमगन समिति | | | |

**१२.३ पटके निर्णय गरी योजना तथा बजेट विनियोजन गरेको / नगरेको :**

**१२.४ आयोजना सूचना पाटी राख्ने व्यवस्थालाई अनिवार्य गरेको / नगरेको :**

**१२.५ सार्वजनिक परीक्षण गर्ने गरेको / नगरेको :**

**१२.६ कार्यलयमा हेल्प डेस्कको व्यवस्था भएको / नभएको :**

**१२.७ कार्यालयमा सूचना अधिकारी तोकिएको / नतोकिएको :**

## १३. स्थानीय न्यायिक समितिको सक्रियताको स्थिती

**१३.१ न्यायिक समिति हेर्ने कर्मचारी तोकिएको / नतोकिएको :**

**१३.२ हाल सम्मको प्राप्त उजुरी संख्या :**

**१३.३ मेलमिलाप केन्द्रको स्थापना गरेको / नगरेको :**

**१३.४ हाल सम्म निर्णय गरिएको संख्या :**

**१३.५ हाल सम्म मेलमिलाप गरिएको संख्या :**

## १४. भूकम्प प्रभावित व्यक्तिहरूको निजी आवास पुनर्निर्माणको अवस्था

| घरधुरी संख्या | | | सम्झौता भएको जम्मा | पहिलो किस्ता सिफारिस | दोश्रो किस्ता सिफारिस | गुनासो सुनुवाई | |
|---|---|---|---|---|---|---|---|
| पूर्ण | आंशिक | जम्मा | | | | जम्मा संख्या | फछ्र्यौट संख्या |
| | | | | | | | |

## १५. स्थानीय तहले हाल सम्म गरेका अनुकरणीय कार्यहरू

(क) (घ)

(ख) (ङ)

(ग) (च)

## १६. स्थानीय तहले पहिचान गरेका तुलनात्मक लाभका क्षेत्र र संभावनाहरू

| | |
|---|---|
| (क) | (घ) |
| (ख) | (ङ) |
| (ग) | (च) |

## १७. समस्याहरू

| | |
|---|---|
| (क) | (घ) |
| (ख) | (ङ) |
| (ग) | (च) |

~ ❖ ~

# अनुसूची-२

## जिल्ला समन्वय समितिको कार्यालय
## तनहुँ
### आयोजनाहरूको अनुगमन प्रतिवेदनको ढाँचा

अनुगमन मितिः ............................

**१) योजना/आयोजनाको संक्षिप्त विवरणः**

क) योजना/आयोजना संचालन गर्ने निकायः
ख) योजना/आयोजनाको नामः
ग) संचालन स्थानः............................................ गा.पा.: ............................ वडा नं.: .......
घ) कूल लागत रु.: ..........
ङ) स्वकिृत श्रोतहरू

- सम्बन्धित स्थानीय सरकारबाट रुः
- उपभोक्ताबाट रुः
- नेपाल सरकारबाट रु.

च) अन्यः ................................... बाट रु.
छ) योजना/आयोजना सम्झौता मितिः
ज) योजना/आयोजना सम्पन्न गर्नु पर्ने मितिः
झ) म्याद थप भएको भए थप म्यादः
ञ) उपभोक्ता समितिको अध्यक्षको नाम, ठेगाना वा ठेकेदारको नाम, ठेगानाः
ट) पेश्की/मुक्तानी भएको रकम

- प्रथम किस्ता रुः
- दोश्रो किस्ता रुः
- तेश्रो किस्ता रु.

**जम्माः**

**२) संचालित योजना/आयोजनाको अवस्था**

क) प्राविधिक मूल्याङ्कन भईसकेको भए सोको प्रगति प्रतिशतः
ख) उपभोक्ता समितिको सक्रियता भएको/नभएकोः
ग) भौतिक रुपमा हेर्दा देखिने अवस्थाः
घ) कार्यतालिका अनुसार कार्य भए/नभएकोः
ङ) निर्माण समाग्रीहरूको निर्माण स्थलमा देखिएका भए सोको विवरण

| क्र.सं. | सामाग्रीको नाम | अनुगमन परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |
| घ) | | | |
| ङ) | | | |

### ३) योजना/आयोजना कार्यान्वयमा देखा परेका समस्याहरू:

उपभोक्ता समितिको भनाई

क)

ख)

ग)

घ)

ङ)

अनुगमनकर्ताको दृष्टिकोणमा देखा परेका समस्याहरू:

क)

ख)

ग)

घ)

### ४) उपभोक्ता समितिका अध्यक्ष/उपाध्यक्ष/वडाध्यक्षको दृष्टिकोण

क)

ख)

ग)

घ)

### ५) योजना/आयोजना सम्पन्न गराउनका लागि सुझावहरू (अनुगमनकर्ताको दृष्टिकोण)

क)

ख)

ग)

घ)

### ६) अनुगमनको क्रममा सम्पर्क गरिएका स्थानीय व्यक्तिहरू

| क्र.सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

### ७) अन्य

रकम पेश्की लगेर हालसम्म कार्य प्रारम्भ नै गरेको छैन भने,

क) रकम पेश्की लग्ने व्यक्ति संग सम्पर्क भयो भएन यदि भएको भए निजको भनाई के छ ?

ख) निजको कावु वाहिरको परिस्थितिले कार्य प्रारम्भ गर्न नपाएको हो वा लापरवाही गरी रकम मस्याउ गर्ने सोचाइ राखेको हो अनुगमनकर्ताको राय

ग) निज सम्पर्क नै हुन सकेन भने निज कहाँ छन् ? निजको परिवारका नाता पर्ने सदस्यको भनाई

८) अनुगमनकर्ताद्वारा अनुगमनको समयमा योजना कार्यान्वयनको सिलसिलामा ठेकेदार/उपभोक्ता समितिलाई दिइएको निर्देशन

९) योजना/आयोजनाको गुणस्तर

| | |
|---|---|
| अनुगमनकर्ताको नाम, थर: | अन्य अनुगमनकर्ताहरू |
| क) पद: | १) |
| ख) दस्तखत: | २) |
| ग) मिति: | ३) |

# अनुसूची-३

## जिल्ला समन्वय समितिको कार्यालय
## तनहुँ

# योजना/आयोजना निरीक्षण पश्चात् भर्नु पर्ने फारामको नमूना

आ.व.: ..........................
अवधि:
................................ देखि ................... सम्म जिल्ला:............ स्थानीय तहः .............

| क्र.सं. | आयोजनाको नाम | योजनाको ठेगाना गर्ने मुख्य निकाय वा व्यक्ति | यस अवधिको लक्ष्य | यस अवधिको प्रगति | प्रगति प्रतिशत | लक्ष्य अनुसार प्रगति हुन नसक्नाको कारण वा बढी प्रगति हुनका कारण | कम प्रगति भएकोमा अर्को अवधिमा पुरा गर्न लिने रणनीति | समस्या समाधान गरिएका उपायहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची-४
## जिल्ला समन्वय समितिको कार्यालय
## तनहुँ
## समन्वय सम्बन्धी अभिलेख फाराम

| क्र.सं. | मिति | समन्वय सम्बन्धी कार्यको विवरण | सम्बद्ध निकाय | | | सम्बन्धित पक्ष |
|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय तह | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |